REGIONAL NEWS UNIT

BROADCAST: 18:40 hrs Date: 16.08.2025

## CM-Ashthami: IPR

मुख्यमन्त्री प्रेमसिंह तामाङले जन्माष्टमीको पावन अवसरमा सम्पूर्ण सिक्किमवासीलाई हार्दिक शुभकामना तथा मङ्गल कामना व्यक्त गर्नुभएको छ। आफ्नो सन्देशमा मुख्यमन्त्रीले भन्नुभएको छ, जन्माष्टमीले हामीलाई धर्म, भक्ति र करुणाजस्ता सनातन मूल्यहरूको स्मरण गराउँछ, जसलाई भगवान् श्रीकृष्णले आफ्नो सम्पूर्ण जीवनभर आत्मसात् गर्नुभएको थियो। उहाँको सत्य, प्रेम र मेलमिलापको सन्देशले आज पनि मानवजातिलाई मार्गदर्शन गरिरहेको छ। उहाँले यस पर्वले हामीलाई सत्कर्मको बाटोमा हिँड्न, निःस्वार्थ भावले मानव सेवामा समर्पित हुन र आफ्नो समुदायमा आनन्द तथा शान्ति फैलाउन प्रेरणा देओस् भन्ने कामना गर्नुभएको छ। त्यसैगरी, राष्ट्रपति द्रौपदी मुर्मुर र प्रधानमन्त्री नरेन्द्र मोदीले जन्माष्टमीको शुभ अवसरमा सम्पूर्ण देशवासीलाई शुभकामना दिनुभएको छ।

## Bans Online Gambling: Summit Time

मुख्यमन्त्री प्रेमसिंह तामाङको नेतृत्वमा सिक्किम सरकारले राज्यभरि अनलाइन ग्याम्बलिङ र कार्ड गेमहरूमा पूर्ण प्रतिबन्ध लगाउने घोषणा गरेको छ। अनलाइन गेमिङको लत, आर्थिक नोक्सानी र यसको प्रतिकूल सामाजिक प्रभाव, विशेष गरी युवाहरूका सम्बन्धमा बढ्दो चिन्ता बनेको प्रतिक्रिया स्वरूप यो कदम चालिएको हो। राज्य सरकारले अनलाइन सट्टेबाजी र गेमिङ अभ्यासहरूका हानिकारक परिणामहरूबाट व्यक्ति र परिवारहरूलाई जोगाउन यो निर्णय गरिएको कुरामा जोड दिएको छ। यो कदम चालेर  सिक्किमले आफ्ना नागरिकहरूका लागि स्वस्थ, सुरक्षित र थप सुरक्षित वातावरण प्रवर्धन गर्ने लक्ष्य राखेको छ।

## Anti-Rabies Vaccination: UPR

पशुपालन तथा पशु चिकित्सा सेवा विभागले सारा अर्थात् सिक्किम रेबिजविरोधी तथा पशु स्वास्थ्यसँगको सहकार्यमा छुजाचेन निर्वाचन क्षेत्र अन्तर्गत धेरै स्थानमा व्यापक रेबिजविरोधी खोप, जुकाको औषधि, पशुजन्म नियन्त्रण र जनचेतना कार्यक्रम सञ्चालन गऱ्यो। जुनोटिक रोगहरू, विशेष गरी रेबिज नियन्त्रण गर्ने उद्देश्यले गरिएको यस पहलले राज्यमा रेबिज समस्यालाई उल्लेखनीय रूपमा घटाउनमा महत्त्वपूर्ण भूमिका खेलेको छ। कार्यक्रमको क्रममा, कुल ४३२ वटा कुकुरलाई खोप लगाइयो र जुकाको औषधि दिइयो, साथै १०७ वटा कुकुरमा पशु जन्म नियन्त्रण प्रक्रियाहरू लागू गरियो। कार्यक्रमअन्तर्गत समेटिएका क्षेत्रहरूमा छुजाचेन, रङ्ली बजार, लिङताम, अगमलोक, फदमचेन, निमाचेन, क्वेखोला, बखुटार, माने-सिस्ने, तालखर्का दक्षिण रेगु, ठोकर र दोक्चिन समावेश थिए। रेबिजको गम्भीर प्रभावलाई पहिचान गर्दै, विभागले रेबिज सङ्क्रमण रोक्न अनि पशु र मानव स्वास्थ्य दुवैको सुरक्षा सुनिश्चित गर्न सामुदायिक जागरूकता, सक्रिय सहभागिता र सार्वजनिक सहयोगको महत्त्वमा जोड दिएको छ। अभियानले नियमित खोप अभियान, नसबन्दी कार्यक्रम र जनचेतना पहलहरू मार्फत सिक्किमबाट रेबिज उन्मूलन गर्ने प्रतिबद्धता जनाएको छ।

## Fastag Pass: NSD

भारतीय राष्ट्रिय राजमार्ग प्राधिकरणले आजदेखि देशभरिका करिब १५० वटा टोल प्लाजामा **'FASTag वार्षिक पास'** को सुविधा सुरु गरेको छ। सडक यातायात तथा राजमार्ग मन्त्रालयका अनुसार हिजो साँझ ७ बजेसम्म करिब १ लाख ४० हजार मानिसहरूले वार्षिक पास किनेका छन्। मन्त्रालयले दिएको जानकारीअनुसार, वार्षिक पासका साथ सहज यात्रा सुनिश्चित गर्न प्रत्येक टोल प्लाजामा प्राधिकरणका अधिकारी र नोडल अधिकारीहरू नियुक्त गरिएका छन्। FASTag लाई बारम्बार रिचार्ज गर्नुपर्ने झन्झटलाई हटाउन **FASTag वार्षिक पास** सुरु गरिएको हो। यो ३ हजार रुपियाँको एक पटकको खरिदका साथ सुरु गरिएको छ। यस पासको वैधता एक वर्षसम्म वा टोल प्लाजाबाट २०० पटक पास गरेसम्म हुनेछ।

यो FASTag वार्षिक पास मान्य FASTag भएका सबै गैर-व्यावसायिक सवारी साधनहरूका लागि लागू हुन्छ।

[Emorial Cup: Dilliram Dulal]

स्वतन्त्रता दिवसका अवसरमा १२ हजार ६०० फिटको उचाइमा खेलिएको ग्रान्ड फिनालेमा थेगुको सेना युनिटले सिक्किम येतिजमाथि निर्णायक ३-० को जित हासिल गर्दै, **जनरल सगत सिंह मेमोरियल कप २०२५** को उपाधि हात पाऱ्यो। जुलाई २८ मा विधायक पामिन लेप्चाले उद्घाटन गरेको यो तीन हप्ते प्रतियोगितामा स्थानीय क्लब र सेनाको टोली सहित ३४ टोली सहभागी थिए। कार्यक्रममा समुदायको उल्लेखनीय सहभागिता रह्यो, जसमा सिक्किमे नृत्य र सङ्गीत प्रस्तुत गरिएको थियो। सेमिफाइनलमा राष्ट्रिय फुटबल खेलाडी विकास जैरुको भ्रमणले खेलाडी र प्रशंसकहरूको मनोबललाई अझ बढावा दियो। त्यसैगरी, सेनाको कलारीप्याट्टु र गत्काको मार्शल आर्ट प्रदर्शनीले देशभक्तिको जोस थपेको थियो।

६. राज्यपाल ओमप्रकाश माथुरले आज राजभवनमा पूर्व प्रधानमन्त्री अटल बिहारी बाजपेयीको पुण्यतिथिमा उहाँलाई श्रद्धाञ्जलि अर्पण गर्नुभयो।

७. आज राति ८:३० बजे "किसान - भारतका मेरुदण्ड" विषयमा पत्रकार नीता निराशसँगको अन्तर्वार्ता प्रसारण हुनेछ।